mायादेवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पकडी, कपिलवस्तु

(५ नं. प्रदेश, नेपाल)

www.mayadevimunkapilvastu.gov.np
mayadevirm@gmail.com

प. स. ०७७/०७८

**पशु सेवा प्राविधिक करारमा पदपूर्ती गर्ने सम्बन्धि सूचना।**

प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/०६/२२

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यपालिकाको मिति २०७७/०४/०६ गतेको निर्णय र पदपूर्ती समितिको मिति २०७७/०६/१६ गतेको निर्णयानुसार यस मायादेवी गाउँपालिकामा पशु सेवा अन्तर्गत तपशिल बमोजिमका पदहरु सेवा करारमा पदपूर्ती गर्नु पर्ने भएको हुदाँ निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै दरखास्त फारम यस कार्यालयको बेवसाईट www.mayadevimun.gov.np वाट डाउनलोड गरि वा यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ।

**तपशिल**

| क्र.स. | विज्ञापन नं. | पद | सेवा/समूह | तह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०२/०७७/०७८ | प.स्वा.प्रा. | कृषि/भेटनरी | पाँचौ | १ | ७००।- | |
| २ | ०३/०७७/०७८ | प.से.प्रा. | कृषि/ला.पो.डे.डे. | पाँचौ | १ | ७००।- | |
| ३ | ०४/०७७/०७८ | प्रा.स. | कृषि/मत्स्य | पाँचौ | १ | ७००।- | |
| ४ | ०५/०७७/०७८ | ना.प.स्वा.प्रा. | कृषि/भेटनरी | चौथो | २ | ५००।- | |
| ५ | ०६/०७७/०७८ | ना.प.से.प्रा. | कृषि/ला.पो.डे.डे. | चौथो | २ | ५००।- | |

**आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव**

१) प.स्वा.प्रा. र प.से.प्रा. पदको लागी मान्यता प्राप्त शिक्षण संस्थावाट पशु विज्ञान विषय लिई प्रावीणता प्रमाणपत्र तह (आइ.एस्सी.एगृ.) उत्तिर्ण वा एल.एल.सी. वा टी.एस.एल.सी. उत्तिर्ण गरि पशु विज्ञान विषयमा न्यूनतम ३ बर्षको अवधिको डिप्लोमा उर्त्तीण वा पशु विज्ञानमा जे.टी.ए. कोर्ष उर्त्तीण गरि पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उर्त्तीण

२) प्रा.स. (मत्स्य) पदको लागी मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि वा पशु विज्ञान विषय लिई प्रावीणता प्रमाणपत्र तह (आइ.एस्सी.एगृ.) उत्तिर्ण वा एल.एल.सी. वा टी.एस.एल.सी. उत्तिर्ण गरि न्यूनतम ३ बर्षको अवधिको कृषि वा पशु विज्ञान विषयमा डिप्लोमा उर्त्तीण वा जे.टी.ए. कोर्ष उर्त्तीण गरि कृषि वा पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष प्राविधिज्ञ प्रमाणपत्र उर्त्तीण

३) ना.प.से.प्रा. /ना.प.स्वा.प्रा. पदको लागि मान्यता प्राप्त शिक्षण संस्थावाट एस.एल.सी./एस.ई.ई. उर्त्तिण गरि न्यूनतम १ बर्षे जे.टी.ए. पशु विज्ञान (पशुपालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि( पशुपालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी उत्तीर्ण भेटेनरी कोर्ष वा सो सरह उर्त्तिण गरेको ।

**दरखास्तमा संलग्न गर्नु पर्नेः** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (नेपाल बाहिरको शैक्षिक योग्यता भए नेपालको विश्वविद्यालयवाट लिईएको समकक्षता प्रमाणपत्र) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित कानुन बमोजिम सम्बन्धित काउन्सिल वा परिषदमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने।

**उम्मेदवारको उमेरको हदः** दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुगि ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**परिक्षाको किसिमः** मायादेवी गाउँपालिकामा करारमा प्राविधिक कार्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधिका २०७४ मा भएको व्यवस्था अनुसार हुने छ।

**दरखास्त दिने अन्तिम मितिः** २०७७/०७/०६ गते कार्यालय समय भित्र र सो दिन विदा परेमा भोलीपल्ट कार्यालय खुल्ने समयमा।

**दरखास्त दिने स्थानः** मायादेवी गाउँ कार्यपालिकाको कार्यालय पकडी कपिलवस्तु।

**तलब स्केलः** गाउँपालिकाले तोके अनुसार।

जनकराज पन्थी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत